विधेयक संख्याः

# दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको विधेयक

प्रदेश सभा सचिवालय
प्रदेश सभा भवन
कर्णाली प्रदेश, सुर्खेत

<u>उद्देश्य र कारण</u>

समाजमा विद्यमान जातीय विभेद तथा छुवाछुत नियन्त्रण गर्दै सम्मानपूर्वक बाच्न पाउने अवस्था सिर्जना गर्दै कर्णाली प्रदेशमा बसोबास गर्नेदलित समुदायलाई निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था गर्न, स्वास्थ्य उपचार पहुँच बढाउन र त्यस्तो समुदायकोअधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्न आवश्यक भएकोले"दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा बनेको विधेयक" तर्जुमा गरी पेश गरेको छु।

.............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

# व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | ऐन निर्माण गर्नुको उद्देश्य स्पष्ट षर्न आवश्यक भएको। |
| २ | परिभाषा | ऐनमा विभिन्न ठाउँमा प्रयोग भएको शब्दहरुको अर्थलाई स्पष्ट पार्न आवश्यक भएको। |
| ३ | जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानीसमिति | प्रदेश स्तरमा जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति तथा कानूनको कार्यान्वयन र अनुगमन गर्न एक समितिको गठन गरी सो समितिको बैठक सम्बन्धी कार्यविधि र सचिवालय सम्बन्धी व्यवस्थालाई स्पष्ट पारिएको। |
| ४ | समितिको काम, कर्तव्य र अधिकार | ऐनको दफा (३) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरी समितिको दायरा स्पष्ट पारिएको। |
| ५ | स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानी समिति | प्रदेश भित्रका सबै स्थानीय तहमा स्थानीय समितिको गठन गरी सो समितिको बैठक सम्बन्धी कार्यविधि र स्थानीय समितिको सचिवालय कहाँ रहने भन्ने स्पष्ट पारिएको। |
| ६ | स्थानीय समितिको काम, कर्तव्य र अधिकार | ऐनको दफा (५) बमोजिम गठित स्थानीय समितिको काम, कर्तव्य र अधिकारलाई व्यवस्था गरी सो स्थानीय समितिको दायरा स्पष्ट पारिएको। |
| ७ | निःशुल्क शिक्षासम्बन्धी व्यवस्था | दलित समुदायको विद्यार्थीलाई शिक्षण संस्थामा निश्चित कोटाको व्यवस्था साथै सबैभन्दा पछी परेका दलित समुदायको र उच्च शिक्षासम्म निःशुल्क छात्रवृत्ति, प्राविधिक तथा उच्च शिक्षा पढ्न चाहने विद्यार्थीको लागि लागि विशेष कार्यक्रम मार्फत त्यस्तो समुदायको शिक्षामा पहुँच अभिबृद्धि हुने। |
| ८ | समानुपातिक समावेशी सिद्धान्तको पालना गर्नुपर्ने | सवै नियकायमा प्रचलित कानून बमोजिम दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै दलित समुदायलाई छुट्टाएको सिट मध्ये तेत्तीस प्रतिशत महिलाको लागि सिट छुट्टाउनुपर्ने व्यवस्था गरिएको। |
| ९ | क्षमता विकास | सार्वजनिक तथा सरकारी सेवामा प्रवेश गर्नको लागि सशक्तिकरण कार्यक्रमको रुपमा सीप विकास तथा जीविकोपार्जनसँग सम्बन्धित तालिम सञ्चालन गरी दलित |

| | | |
|---|---|---|
| | | समुदायको क्षमता विकास गरिने। |
| १० | साधन स्रोतको वितरणमा समान पहुँच | स्रोत साधन वितरण गर्दा कुनै भेदभाव नगरी सबै दलित समुदायको समान पुहुँच सुनिश्चित गर्ने। |
| ११ | जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईसम्बन्धी व्यवस्था | जिल्ला प्रहरी कार्यालयमा एक जातीय विभेद तथा छुवाछुत नियन्त्रण एकाईको स्थापना गर्न आवश्यक सहजीकरण गरी प्रदेशमा हुने जातिय विभेद तथा छुवाछुत नियन्त्रण सम्बन्धी काम कारवाही सञ्चालन गरिने। |
| १२ | भन्सार छुटसम्बन्धी व्यवस्था | दलित समुदायबाट सञ्चालित उद्योग कलकारखानाको लागि आवश्यक पर्ने मेशिनरी पाटपुर्जामा लाग्ने भन्सार छुटको लागि समितिले सिफारिर गरी नेपाल सरकार समक्ष पठाउने व्यवस्था गरिएको। |
| १३ | स्वास्थ्यसम्बन्धी अधिकार | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिलाई स्वास्थ्य जाँच तथा उपचारमा छुट र गम्भीर रोग लागेमा न्यूनतम शुल्कमा उपचारको व्यवस्था गर्नुका साथै स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न निःशुल्क स्वास्थ्य बीमा गर्न सहजीकरण गरिने व्यवस्था छ। |
| १४ | विशेषव्यवस्था | प्रदेश सरकारले विपन्न दलितलाई परिचयपत्र जारी गरी सो को आधारमा सेवा सुविधामा सहुलियत प्रदान गर्न सकिने। |
| १५ | प्रतिरक्षा सम्बन्धी व्यवस्था | जातीय विभेद तथा छुवाछुतको कसूर सम्बन्धी मुद्दाका पीडित पक्षको आर्थिक पक्ष कमजोर भई कानून व्यवसायी राख्नु पर्ने अवस्था सिर्जना भएमा प्रदेश सरकारले मुख्यन्यायधिवक्ताको कार्यालय मार्फत् आवश्यक व्यवस्था मिलाउन सक्नेछ। |
| १६ | पीडितको संरक्षण र पुनस्थापना सम्बन्धी व्यवस्था | जातीय विभेद तथा छुवाछुतबाट पीडित व्यक्तिलाई मन्त्रालयले वा मातहतको निकायले निश्चित समयको लागि संरक्षण तथा पुनर्स्थापना गर्न सक्नेछ। |
| १७ | नियम बनाउन सक्ने | यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक पर्ने नियमहरु बनाउन सक्ने। |
| १८ | कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने | यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक पर्ने कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने । |

.............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| दफा उपदफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| ३(३) | दफा ३बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | कार्यविधिगत कुराहरु ऐनमा राखी रहन उचित नहुने भएकोले। | समितिको बैठक व्यवस्थापनमा सरलीकरण भई कार्यसम्पादनमा सहजता आउने। |
| ५(३) | दफा ५(१) बमोजिम गठित स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि स्थानीय समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ। | कार्यविधिगत कुराहरु ऐनमा राखी रहन उचित नहुने भएकोले। | समितिको बैठक व्यवस्थापनमा सरलीकरण भई कार्यसम्पादनमा सहजता आउने। |
| ७(२) | आर्थिक रुपमा विपन्न दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा विशेष प्राथमिकता राखी छात्रावासको व्यवस्था गर्न सकिनेछ। | आर्थिक रुपमा विपन्न दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्दा छात्रवासको व्यवस्थापनमापदण्डऐनमा व्यवस्था गर्न उचित नहुने भएकोले छुट्टै मापदण्ड अथवा नियमावलीमा व्यवस्था गर्नउचित हुने। | आर्थिक रुपमा विपन्न दलित विद्यार्थीले छात्रावासको सुविधा व्यवस्थापन गर्न सजिलो हुने। |
| १३(१) | गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा तोकिए बमोजिम छुट तथा सुविधा उपलब्ध गराउन सक्नेछ। | स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा दलित तथा विपन्न बर्गलाई छुट तथा सुविधा उपलब्ध गराउने सम्बन्धी प्रक्रियागत कुराहरु नियमावलीमा व्यवस्था गर्दा उचित हुने | स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा छुट सुविधा पाउने व्यक्ति तथा सुविधाको प्रकृया निश्चित हुने भएकोले सेवा प्रवाहमा सरलता आउने। |

| | | | |
|---|---|---|---|
| | | भएकोले। | |
| १३(४) | गरिब तथा विपन्न दलित समुदायको बालबालिका, गर्भवती र सुत्केरी महिलाको लागि बृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा प्रदेश सरकारले मापदण्ड बनाई लागू गर्न सक्नेछ। | पोषण प्रवर्द्धन सम्बन्धी सेवा सञ्चालन सम्बन्धी मापदण्ड ऐनमा राख्न उपयुक्त नहुने भएकोले। | ऐनको मर्म अनुसार बृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा आवश्यकता अनुसार प्रदेश सरकारले मापदण्ड बनाई लागू गर्न सक्ने हुनाले ऐनको प्रभावकारी कार्यान्वयन हुने। |
| १६(२) | मन्त्रालयले जातीय विभेद तथा छुवाछुतबाट पीडितको गाँस, बास र कपास सहितको संरक्षण र समाजमा पुनस्थापना सम्बन्धी अधिकार आफू मातहतका कार्यालयलाई तोकिए बमोजिम प्रदान गर्नेछ। | जातीय विभेद तथा छुवाछुतबाट पीडितको संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्य मातहतको निकायलाई तोक्ने प्रकृयागत विषय ऐनमा राख्न उचित नहुने भएकोले। | जातीय विभेद तथा छुवाछुतबाट पीडितको संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्य तल्लो निकायमा प्रदान गरिने हुनाले पीडितले सेवा सहजै प्राप्त गर्ने अवस्था सृजना हुने। |
| १६(३) | पीडितको संरक्षण र पुनस्थापना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | पीडितलाई पुनस्थापना गर्ने प्रकृयागत कुरा ऐनमा राख्न उचित नभएकोले। | जातीय विभेद तथा छुवाछुतबाट पीडितलाई संरक्षण र पुनस्थापना गर्ने प्रक्रियागत कुरा नियममा तोकिने भएकोले ऐनको कार्यान्वयन गर्न सहज हुने। |

..............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

# आर्थिक टिप्पणी

दलित समुदाय उपर हुने छुवाछुत तथा जातीय विभेदले सिर्जना गरेको अन्याय र जातीय हिंसालाई अन्त्य गरी सामाजिक न्याय स्थापना गर्न "दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा व्यवस्था गरेको  विधेयक"तर्जुमा गरिएको छ। यस विधेयकमा दफा ७ मा दलित समुदायको विद्यार्थीलाई शिक्षण संस्थामा निश्चित कोटाको व्यवस्थाका साथैउच्च शिक्षासम्म निःशुल्क छात्रवृत्ति, प्राविधिक तथा उच्च शिक्षा पढ्न चाहने विद्यार्थीको लागि विशेष कार्यक्रमसञ्चालन गरिने, दफा १३ मा गरिब तथा विपन्न दलित समुदायको व्यक्तिलाई स्वास्थ्य जाँच तथा उपचारमा छुट र गम्भीर रोग लागेमा न्यूनतम शुल्कमा उपचारको व्यवस्था गर्नुका साथै स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न निःशुल्क स्वास्थ्य बीमा गर्न सहजीकरण गरिने, दफा १५ मा जातीय विभेद तथा छुवाछुतको कसूर सम्बन्धी मुद्दाका पीडित पक्षको आर्थिक पक्ष कमजोर भई कानून व्यवसायी राख्नु पर्ने अवस्था सिर्जना भएमा प्रदेश सरकारले मुख्यन्यायधिवक्ताको कार्यालयमार्फत् आवश्यक व्यवस्था मिलाउन सक्ने र दफा १६ मा जातीय विभेद तथा छुवाछुतबाट पीडित व्यक्तिलाई मन्त्रालय वा मातहतको निकायले निश्चित समयको लागि संरक्षण तथा पुनर्स्थापना गर्न सक्ने व्यवस्था समेत प्रस्ताव गरिएको हुनाले प्रस्तुत विधेयक कार्यान्वयनबाट कर्णाली प्रदेश सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

.............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

**दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना:**दलित समुदाय माथि हुने छुवाछूत तथा जातीय भेदभावले सिर्जना गरेका अन्याय, अत्याचार, जातीय हिंसा र असमानताको सार्थक एवम् व्यवहारिक अन्त्य गर्दै दलितको मौलिक हक, आधारभूत मानव अधिकार र सामाजिक न्यायको सुनिश्चिततताका लागि कर्णाली प्रदेशमा बसोबास गर्ने दलित समुदायको अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकासऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आयोग”भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ।

(ख) “कसूर”भन्नाले मुलुकी अपराध संहिता, २०७४ बमोजिमको कसूर सम्झनु पर्छ।

(ग) “जातीय भेदभाव तथा छुवाछूत”भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ।

(घ) “तोकिएको वा तोकिए बमोजिम”भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) “दलित”भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेको समुदाय सम्झनु पर्छ।

(च) “मन्त्रालय” भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) “शैक्षिक संस्था”कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक विद्यालय सम्झनुपर्छ र सो शब्दले विश्वविद्यालयलाई समेत जनाउँछ।

(ज) “समिति”भन्नाले दफा ३ बमोजिमको जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानीसमिति सम्झनु पर्छ।

(झ) “स्थानीय समिति”भन्नाले दफा ५ बमोजिमको स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानी समिति सम्झनु पर्छ।

परिच्छेद-२

**समिति सम्बन्धी व्यवस्था**

३. **<u>जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानीसमितिः</u>** (१) जातीय विभेद तथा छुवाछुत सम्बन्धी नीति तथा कानूनको कार्यान्वयन, रेखदेख, नियन्त्रण, सुपरिवेक्षण तथा अनुगमन गर्न र जातीय विभेद तथा छुवाछूतका घटनाको अध्ययन, अनुसन्धान गर्न प्रदेशस्तरमा देहायका सदस्य रहेको एक जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानी समिति रहनेछः-

(क) मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार -अध्यक्ष

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) मन्त्री,मन्त्रालय -सदस्य

(घ) दलित समुदायबाट प्रतिनिधित्व गर्नेकर्णाली प्रदेश सभाका सदस्य -सदस्य

(ङ) मुख्यन्यायधिवक्ता, कर्णाली प्रदेश सरकार -सदस्य

(च) प्रदेश प्रहरी प्रमुख -सदस्य

(छ) दलितको हक अधिकार तथा मानवअधिकारका क्षेत्रमा कम्तीमा सातवर्षको अनुभव भएका दलित समुदायका व्यक्तिहरुमध्येबाट प्रदेश सरकारले मनोनीत गरेको कम्तीमा एक जनामहिला सहित दुई जना -सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिकोसचिवलाय मन्त्रालयमा रहनेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछः-

(क) जातीय तथा अन्य सामाजिक छुवाछूत, भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी घटनाको अनुगमन गर्ने र अनुगमन गर्दा घटना भएको देखिएमाआवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ख) जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी मुद्दामा अदालतबाट भएका फैसला कार्यान्वयनको लागि सहजीकरणगर्ने,

(ग) जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग,सहजीकरण, समन्वय तथा अनुगमन गर्ने,

(घ) जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि नीति तथा योजना तर्जूमा गर्न प्रदेश सरकारलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने,

(ङ) दलित सशक्तिकरणको लागि वार्षिक कार्यक्रम तर्जुमा गरी आवश्यक बजेट व्यवस्थापनका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने,

(च) जातीय विभेद तथा छुवाछूतबाट पीडित दलित समुदायको व्यक्तिलाई उचित क्षतिपूर्ति समेतको व्यवस्था गर्न प्रदेश सरकारसँग समन्वय गर्ने,

(छ) जातीय विभेद तथा छुवाछूतका घटनाको वार्षिक विवरण प्रकाशन गर्ने।

५. **<u>स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानी समितिः</u>** (१) प्रदेशभित्र रहेका प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन तथा निगरानी समिति रहनेछः-

| | |
|---|---|
| (क) स्थानीय तहको प्रमुख वा अध्यक्ष | -संयोजक |
| (ख) वडा अध्यक्षहरु | -सदस्य |
| (ग) दलित समुदायबाट प्रतिनिधित्व गर्ने वडा सदस्यहरू | -सदस्य |
| (घ) दलित समुदायबाट प्रतिनिधित्व गर्ने गाउँ तथा नगर कार्यपालिकाका सदस्य | -सदस्य |
| (ङ) दलित अधिकार तथा मानवअधिकारको क्षेत्रमा कार्य गर्दै आएका दलित समुदायको व्यक्तिहरूमध्ये सम्बन्धित स्थानीय तहले मनोनीत गरेको एक जना महिला सहित दुई जना | -सदस्य |
| (च) सम्बन्धितस्थानीय तहको सामाजिक विकास शाखा हेर्ने शाखा प्रमुख | -सदस्य-सचिव |

(२) स्थानीय समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा अन्य व्यक्तिलाई स्थानीय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि स्थानीय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) स्थानीय समितिको सचिवालय सम्बन्धित स्थानीय तहमा रहनेछ।

६. **<u>स्थानीय समितिको काम, कर्तव्य र अधिकारः</u>** स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिले निर्देशन गरेको नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्ने,गराउने,

(ख) दलित विद्यार्थीलाई निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने, गराउने,

(ग) जातीय विभेद तथा छुवाछूत अन्त्यको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) जातीय विभेद तथा छुवाछूतमुक्त वडा घोषणा गरी कार्यान्वयन गर्ने,

(ङ) जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्ति वा परिवारलाई कानूनी उपचारका लागि सहयोग गर्ने,

(च) जातीय विभेद तथा छुवाछूत गर्ने व्यक्तिको लगत राखी सार्वजनिकरण गर्न समितिमा पठाउने।

परिच्छेद-३

## शिक्षा सम्बन्धी व्यवस्था

७. **निःशुल्क शिक्षासम्बन्धी व्यवस्थाः** (१) प्रदेशभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थामा दलित समुदायका विधार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा प्रदान गर्न प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

**स्पष्टीकरणः** "निःशुल्क शिक्षा" भन्नाले भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क र प्रयोगशाला शुल्कलाई जनाउँछ।

(२) आर्थिक रुपमा विपन्न र भाडामा बस्नुपर्ने दलित विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि तोकिएको मापदण्डको आधारमा महिला, वादी, हलिया र अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता राखी छात्रावासको व्यवस्था गर्न सकिनेछ।

(३) प्रदेश सरकारले शैक्षिक संस्थाले सञ्चालन गरेको छात्रावासमा विपन्न दलित वर्गलाई प्राथमिकता दिई बसाई व्यवस्थापन गर्न आवश्यक सहजीकरण गर्न सक्नेछ।

(४) प्रदेश सरकारले प्राविधिक तथा उच्च शिक्षातर्फ इन्जिनियर, चिकित्सक, कानून, लेखा, कृषि, वन, समाजशास्त्र, अर्थशास्त्र, इलेक्ट्रिकल, मेकानिकल, भूगर्भशास्त्र, कम्प्युटर इन्जिनियरिङ, पत्रकारिता र अन्य विषय पढ्न चाहने दलित विद्यार्थीको लागि विशेष कार्यक्रमको व्यवस्था गर्न सक्नेछ।

(५) प्रदेश सरकारले शैक्षिक क्षेत्रमा सबैभन्दा पछाडि परेका दलित समुदायका विद्यार्थीको शैक्षिक स्तर उकास्न विशेष कार्यक्रमको व्यवस्था गर्न सक्नेछ।

(६) प्रदेश सरकारले शिक्षण संस्थामा दलित समुदायका विद्यार्थीका लागि निश्चित सिट छुट्याउन आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(८) प्रदेश सरकारले जातीय भेदभाव तथा छुवाछूतलाई प्रोत्साहन गर्ने विषयवस्तुलाई शैक्षिक संस्थाको पाठ्यक्रमबाट हटाउन र जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कानूनी व्यवस्था लगायतका विषयवस्तु पाठ्यक्रममा समावेश गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(१०) प्रदेश सरकारले सामाजिक न्याय स्थापना गर्न योगदान गर्ने दलितको ऐतिहासिक व्यक्तित्वको जीवनी पाठ्यपुस्तकमा समावेश गर्नआवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

परिच्छेद-४

## विविध

८. **समानुपातिक समावेशी सिद्धान्तको पालना गर्नुपर्नेः** (१) प्रदेश अन्तर्गतका सबै निकाय तथा संरचनामा समानुपातिक समावेशी सिद्धान्त अनुसार दलित समुदायको प्रचलित कानून बमोजिम सहभागिता हुनेछ।

(२)उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दादलितका लागि आरक्षित सिट मध्ये कम्तीमा तेत्तीस प्रतिशत सिट दलित महिलाका लागि सुनिश्चित गर्नुपर्नेछ।

९. **<u>क्षमता विकासः</u>** (१) दलितलाई सार्वजनिक तथा सरकारी सेवामा प्रवेशमा सहयोग गर्न सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) दलित समुदायका व्यक्तिलाई सीप विकास र जीविकोपार्जनसँग सम्बन्धित व्यवसायिक सीपमूलक तालिमको लागि प्राथमिकता दिइनेछ।

१०. **<u>साधन स्रोतको वितरणमा समान पहुँचः</u>**प्रदेश अन्तर्गत रहेका साधन स्रोतको वितरणमा दलित समुदायको समान पहुँच हुनेछ।

११. **<u>जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईसम्बन्धी व्यवस्थाः</u>** प्रदेश सरकारले प्रदेशभित्रका प्रत्येक जिल्ला प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाईकोस्थापना गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

१२. **<u>भन्सार छुटसम्बन्धी व्यवस्थाः</u>** प्रदेश सरकारले दलित समुदायबाट सञ्चालित पेशा, व्यवसाय, उद्योग र कलकारखानाको लागि आवश्यक पर्ने मेसिन, पाटपूर्जा र कच्चा पदार्थको आयात गर्दा लाग्ने भन्सार छुटको लागि समितिको सिफारिसका आधारमा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

१३. **<u>स्वास्थ्यसम्बन्धी अधिकारः</u>**(१) प्रदेश सरकारले गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा तोकिए बमोजिमको छुट तथा सुविधा उपलब्ध गराउन सक्नेछ।

(२) प्रदेश सरकारले गरिब तथा विपन्न दलित समुदायको व्यक्तिलाई गम्भीर प्रकृतिको रोग लागेमा न्यूनतम शुल्कमा स्वास्थ्य उपचारको व्यवस्था मिलाउन सहजीकरण गर्न सक्नेछ।

(३) प्रदेश सरकारले गरिब तथा विपन्न दलित समुदायको व्यक्तिको निःशुल्क स्वास्थ्य बीमा गर्न प्राथमिकता दिई आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(४) गरिब तथा विपन्न दलित समुदायको बालबालिका, गर्भवती र सुत्केरी महिलाको लागि बृहत पोषण प्रवर्द्धन सम्बन्धी सेवा प्रदेश सरकारले मापदण्ड बनाई लागू गर्न सक्नेछ।

१४. **<u>विशेषव्यवस्थाः</u>**(१) प्रदेश सरकारले विपन्नगरिब दलितको लगत राखी उपयुक्त परिचयपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्रको आधारमा सेवा सुविधामा सहुलियत उपलब्ध गराउन सक्नेछ।

१५. **<u>प्रतिरक्षा सम्बन्धी व्यवस्थाः</u>**जातीय विभेद तथा छुवाछूतको कसूर सम्बन्धी मुद्दामा पीडित पक्षको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षाका लागि कानून व्यवसायी राख्नु पर्ने अवस्था भएमा पीडितको आर्थिक अवस्थालाई विचार गरी प्रदेश सरकारले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१६. **<u>पीडितको संरक्षण र पुनस्थापना सम्बन्धी व्यवस्थाः</u>**(१) जातीय विभेद तथा छुवाछूतबाट पीडित व्यक्तिलाई विशेष संरक्षण गर्नुपर्ने अवस्था भएमा पीडितको निवेदन बमोजिम मन्त्रालयले

निश्चितसमयावधिको लागि पीडितको गाँस, बास र कपास सहितको संरक्षण र समाजमा पुनर्स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापनको जिम्मेवारी मन्त्रालयले आफु मातहतका कार्यालयलाई तोकिए बमोजिम प्रदान गर्नेछ।

(३)यस दफा बमोजिम पीडितको संरक्षण र पुनर्स्थापना सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **नियम बनाउन सक्ने:**यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१८. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने:**यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।